## पाठ - 2
## मृत्यु

## الدرس الثاني - نيبالي
## الموت

२ - मृत्युको समय एउटा यस्तो रहस्य छ जसको ज्ञान अल्लाह बाहेक अरु कसैलाई छैन, तसर्थ कसैलाई थाहा हुदैन कि कहिले र कुन ठाउँमा उसको मृत्यु हुनेछ , किन भने यो सबै कुराहरु रहस्यको ज्ञान अन्तरगत आउँछ जसको जानकारि अल्लाह बाहेक अरु कसैलाई छैन ।

३ - मृत्युको समय आइसके पछि त्यसलाई टालनु वा ढिलो गर्नु वा त्यसबाट भागनु सम्भव छैन,अल्लाह तआलाले भन्नु भयो: وَلِكُلِّ أُمَّةٍ أَجَلٌ فَإِذَا جَاءَ أَجَلُهُمْ لَا يَسْتَأْخِرُونَ سَاعَةً وَلَا يَسْتَقْدِمُونَ﴾

प्रत्येक समुदायको लागि मृत्युको समय निर्धारित छ त्यो समय आइपुगे पछि नत एक क्षण ढिलो हुन्छन् र नत चाँडो

४ - यदि मोमिनको मृत्यु आउँछ भने मृत्युको देवदुत सुन्दर रुप र सुगन्धित खुशबुमा दयाको देवदुतहरु सँग स्वर्गको शुभसुचना दिदै उपस्थित हुन्छन् , अल्लाह तआलाले भन्नु भयो:

إِنَّ الَّذِينَ قَالُوا رَبُّنَا اللَّهُ ثُمَّ اسْتَقَامُوا تَتَنَزَّلُ عَلَيْهِمُ الْمَلَائِكَةُ أَلَّا تَخَافُوا وَلَا تَحْزَنُوا وَأَبْشِرُوا بِالْجَنَّةِ الَّتِي كُنْتُمْ تُوعَدُونَ

वास्तवमा जुन् मानिसहरुले भन्नु भयो कि हाम्रो पालनकर्ता अल्लाह हो र त्यस माथि दृढ रहनु भयो त उनीहरुका निम्ति फरिशताहरु यो भन्दै अवतरित हुन्छन् कि तिमी निराश र शोकाकुल नहोउ र त्यस स्वर्गको शुभसुचना सुनिहाल जसको तिमीलाई वाचा दिइएको छ ।र नासतिकको नजिक मृत्युको फरिशता भयानक रुप, र कालो रँगमा सजायको फरिशताहरु सँग सजायको चेतावनी दिदै आउँछन् , अल्लाह तआलाले भन्नु भयो:

وَلَوْ تَرَى إِذِ الظَّالِمُونَ فِي غَمَرَاتِ الْمَوْتِ وَالْمَلَائِكَةُ بَاسِطُو أَيْدِيهِمْ أَخْرِجُوا أَنْفُسَكُمُ الْيَوْمَ تُجْزَوْنَ عَذَابَ الْهُونِ بِمَا كُنْتُمْ تَقُولُونَ عَلَى اللَّهِ غَيْرَ الْحَقِّ وَكُنْتُمْ عَنْ آيَاتِهِ تَسْتَكْبِرُونَ﴾

यदि तपाईले ती अन्यायीहरुलाई त्यतिखेर देख्ने छौं जब यी अन्यायीहरु मृत्युको कष्ट पुर्ण अवस्थामा हुन्छन् र फरिशताहरु आफ्ना हात बढाइ राखेका हुन्छन् र यो भन्दै हुन्छन् कि आज आफ्नो प्राण समर्पित गर, आज तिमीहरुलाई अपमानजनक सजाय दिइनेछ, किन भने तिमीहरुले अल्लाहको बिरोधमा झुठा कुरा गर्ने गर्दथ्यौं र त्यसका आयतहरुलाई तिरसकारपुर्ण तरिकाले अस्वीकार गर्ने गर्दथ्यौं ।तसर्थ मृत्यु आइपुगे पछि वासतविक्ता आफै प्रकट भइहाल्छ र हरेक मानिसको भेद खुली हाल्छ, अल्लाह तआलाले भन्नु भयो:

حَتَّى إِذَا جَاءَ أَحَدَهُمُ الْمَوْتُ قَالَ رَبِّ ارْجِعُونِ لَعَلِّي أَعْمَلُ صَالِحًا فِيمَا تَرَكْتُ كَلَّا إِنَّهَا كَلِمَةٌ هُوَ قَائِلُهَا وَمِنْ وَرَائِهِمْ بَرْزَخٌ إِلَى يَوْمِ يُبْعَثُونَ﴾

जब उनीहरु मध्ये कसैको मृत्यु नजिक हुन्छ त भन्नेछन् कि हे मेरो पालनकर्ता मलाई फर्काइ देउ, ताकि जुन् संसारलाई म छोडेर आएको छु त्यसमा गएर म राम्रो कर्म गरुँ , कदापी यस्तो हुने छैन, यो त मात्र एउटा कुरा हो जुन् उसले भन्नेछ तर त्यो पुरा हुने छैन, र उनीहरुको पछाडि एक प्रकारको प्रर्दा छ त्यो दिन सम्मका लागि जब उनीहरुलाई पुन: उठाइनेछ ।

मृत्युको समय आइसके पछि नासतिक र पापीहरु राम्रो कर्म गर्नका लागि पुन: जीवनमा फर्किने आशा व्यक्त गर्ने छ तर समय बिते पछि पछतावाको कुनै महत्व हुदैन, अल्लाह तआलाले भन्नु भयो:

وَتَرَى الظَّالِمِينَ لَمَّا رَأَوُا الْعَذَابَ يَقُولُونَ هَلْ إِلَى مَرَدٍّ مِنْ سَبِيلٍ﴾ तिमीले अत्याचारिहरुलाई देखने छौं कि जब उनीहरुले यातना देखने छन् त भन्ने छन् कि «के फिर्ता जाने कुनै मार्ग छैन» ।

५ - आफ्नो भक्तहरु प्रति अल्लाहको कृपा छ कि मृत्यु भन्दा पहिला जसको अन्तिम भनाइ «लाइलाह इल्लल्लाह» हुन्छ त्यो स्वर्गमा जानेछ , रसल ﷺ ले भन्नु भयो مَنْ كَانَ آخِرُ كَلَامِهِ لَا إِلَهَ إِلَّا اللَّهُ دَخَلَ الْجَنَّةَ जसको अन्तिम बोली लाइलाह इल्लल्लाह हुन्छ त्यो स्वर्गमा जान्छ» (अबुदाऊद) ।

किन भने यस्तो कठिन प्रस्थितीमा त्यो कुरा मात्र ऊही भन्न सक्नु हुन्छ जुन् उसको बारेमा शुद्ध छ तर जुन् शुद्ध छैन भने त्यो मृत्युको कष्ट र कठिनाइको कारण त्यसलाई बिर्सिहाल्ने छ , यसै कारण अन्तिम अवस्थामा मृतकलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर्नु सुन्नत छ , रसूल ﷺ ले भन्नु भयो

لَقِّنُوا مَوْتَاكُمْ لَا إِلَهَ إِلَّا اللَّهُ आफ्नो मृत्युको अवस्थामा पुगेका हरुलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर»
तर त्यसका लागि मृतक माथि जोर दिनु पर्दैन किन भने त्यो रिसाएर कुनै नराम्रो कुरा पनि भन्न सक्नेछ ।